स्थानीय तहमा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७७

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश, पोखरा

स्थानीय तहमा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावनाः प्राविधिक शिक्षा हासिल गरेका युवा वर्गलाई प्रदेश तथा स्थानीय विकास प्रक्रियामा सहभागी गराई सुशासन प्रवर्द्धन, पूर्वाधार विकास र सेवा प्रवाह लगायतका क्षेत्रमा परिचालन गर्न बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद -१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम **"स्थानीय तहमा स्वयंसेवक परिचालन कार्यविधि, २०७७"** रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।

ख) "कार्यक्रम" भन्नाले स्थानीय तहमा स्वयंसेवक परिचालन कार्यक्रम सम्झनुपर्छ ।

ग) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

घ) "संस्था" भन्नाले कार्यक्रमका लागि सम्झौता गरिने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को प्रदेश कार्यालय सम्झनुपर्छ । सो शब्दले कार्यक्रमका लागि सम्झौता गरिने विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्था, प्राज्ञिक संस्था वा शैक्षिक संस्थाहरूलाई समेत जनाउँछ।

ङ) "स्वयंसेवक" भन्नाले कार्यक्रम अन्तरगत संस्थाबाट छोटो अवधिका लागि स्थानीय तहमा परिचालित जनशक्ति सम्झनुपर्छ।

परिच्छेद -२

स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

३. **स्वयंसेवक परिचालनका उद्देश्यः** यस कार्यविधि अन्तरगत स्वयंसेवक परिचालनका उद्देश्य देहाय बमोजिम हुनेछनः-

क) प्रदेशको समग्र विकासका लागि समुदाय स्तरमा स्वयंसेवी भावनाको विकास तथा प्रवर्द्धन गर्ने,

ख) प्रदेश सरकार र संस्थाहरुबीच सहयोगात्मक सम्बन्ध विस्तार गरी उत्पादित जनशक्तिलाई प्रदेशको विकासको कार्यमा संलग्न गराउन अभिप्रेरित गर्ने,

ग) प्रदेशभित्र स्थायी बसोबास भएका र कम्तिमा प्राविधिक एस.एल.सि. उत्तीर्ण गरेका जनशक्ति परिचालन गरी स्थानीय तहमा आवश्यक जनशक्ति आपूर्तिमा सहयोग गर्ने ।

४. **स्वयंसेवक परिचालनका विषयगत क्षेत्रः** यस कार्यविधि अन्तरगत देहायका विषयगत क्षेत्रमा स्थानीय तहको जनशक्तिको आवश्यकताको आधारमा स्वयंसेवक परिचालन गर्न सकिनेछः-

क) आर्थिक क्षेत्र (कृषि, वन, पर्यटन, उद्योग लगायत),

ख) पूर्वाधार क्षेत्र, र

ग) सामाजिक क्षेत्र।

परिच्छेद-3
स्वंयसेवक परिचालन सम्बन्धी व्यवस्था

५. **स्थानीय तहको छनौटः**

(१) यस कार्यक्रम सञ्चालनको लागि देहायका आधारमा स्थानीय तह छनौट गरिनेछ।

(क) राजस्व/ आम्दानीको अवस्था,

(ख) मौजुदा जनशक्ति (प्राविधिक/अप्राविधिक)को अवस्था, र

(ग) विकासको अवस्था (भौगोलिक विकटता) ।

(२) कार्यालयले उपदफा (१) का आधारमा छनौट गरेका स्थानीय तहको जनशक्तिको माग संकलन गर्नेछ र सोही मागका आधारमा स्वंयसेवकको संख्या यकिन गर्नेछ।

६. **स्वंयसेवक परिचालनः** (१) कार्यालयले दफा ५ बमोजिम स्वयंसेवकको संख्या यकिन गरे पश्चात स्वंयसेवक उपलब्ध गराउन संस्थासँग सम्झौता गर्नेछ।

(२) संस्थाले यस कार्यविधिमा तोकिएका आधारमा स्वयंसेवक छनौट गर्नेछ।

(३) संस्थाबाट छनौट गरिएका स्वयंसेवकलाई कार्यालयले अभिमुखीकरण गरी सम्बन्धित स्थानीय तहमा निश्चित अवधिको लागि परिचालन गर्नेछ।

(४) कार्यालयले स्वयंसेवक छनौट, अनुगमन तथा प्रतिवेदनको लागि संस्थालाई सम्झौता बमोजिमको प्रशासनिक खर्च उपलब्ध गराउनेछ।

(५) कार्यालयसँग भएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयनको लागि संस्थाले एक कार्यटोली गठन गर्नेछ। उपदफा (४) बमोजिमको प्रशासनिक खर्च स्वयंसेवक छनौट तथा परिचालन गर्ने प्रयोजनका लागि संस्थाले कार्यटोलीका सदस्यहरुको बैठक भत्ता, खाजा खर्च, दैनिक भम्रण भत्ता र अन्य प्रशासनिक खर्चमा प्रयोग गर्न सक्नेछ।

७. **स्थानीय तहको जिम्मेवारीः**(१) यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेवकको सम्बन्धमा सम्बन्धित स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) यस कार्यविधि बमोजिम खटिएका स्वयंसेवकलाई जिम्मेवारी अनुसारको काममा लगाउने, सुपरीवेक्षण तथा कार्यसम्पादन मूल्याँकन गर्ने / गराउने व्यवस्था गर्ने,

ख) दैनिक हाजिरी र कार्यसम्पादन विवरण मासिक रूपमा संस्थालाई उपलब्ध गराउने,

ग) स्वयंसेवकहरूलाई स्थानीय स्तरमा उपलब्ध हुने र उनीहरूको कार्यप्रकृतिसँग मिल्ने छोटो अवधि (सात दिनसम्म) का तालिम, गोष्ठी र व्यक्तित्व विकास सम्बन्धी कार्यक्रममा सहभागी गराउने,

घ) स्वयंसेवकहरूलाई काममा उत्प्रेरित गर्ने र कार्य सम्पादनमा सुधार गर्नुपर्ने विषयहरूमा सकारात्मक र सिर्जनशील पृष्ठपोषण दिने, गुनासो व्यवस्थापन गर्ने ।

ङ) स्वंयसेवक परिचालन सम्बन्धी अन्य कार्यमा सहयोग गर्ने।

८. **संस्थाको जिम्मेवारीः**१) स्वयंसेवक परिचालनमा संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) कार्यालयसँग अनुसूची-१ बमोजिमको संझौता गर्ने,

ख) कार्यालयसँग भएको संझौता बमोजिमका कार्य गर्ने,

ग) कार्यालयको सहभागितामा कम्तिमा प्राविधिक एस.एल.सि.उत्तीर्ण जनशक्तिलाई शैक्षिक योग्यताको प्राप्ताङ्कको योग्यताक्रम, तालिम र अनुभवको आधारमा संस्थाले आवश्यकतानुसार प्रक्रिया पूरा गरी स्वंयसेवकको रुपमा छनौट गर्ने,

घ) स्वयंसेवक छनौट गर्दा उपलब्ध भए सम्म कार्यस्थलसँग सम्बन्धित जिल्लाको स्थायी बासिन्दालाई प्राथमिकता दिने,

ङ) सम्झौता अनुसार स्वयंसेवकसँग करार सम्झौता गर्ने, निर्धारित स्थानीय तहमा परिचालन गर्ने, स्वयंसेवकलाई कार्यसम्पादनमा सहजीकरण गर्न, स्वयंसेवकको कार्यप्रगति अनुगमन गरी कार्यालयलाई आवधिक र अन्तिम प्रतिवेदन गर्ने,

च) अनुसूची-२ बमोजिमको स्वयंसेवकको नामावली र अनुसूची-३ बमोजिमको व्यक्तिगत विवरण कार्यालयमा पेश गर्ने,

छ) स्वंयसेवकबाट प्राप्त पृष्ठपोषणको आधारमा संस्थाले आफ्ना पाठ्यक्रम परिमार्जन गर्न सक्ने।

परिच्छेद-३
संस्थागत व्यवस्था

९. **निर्देशक समितिको गठनः**(१) यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

क)	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	अध्यक्ष
ख)	सम्बन्धित क्षेत्र हेर्ने सदस्य, प्रदेश नीति तथा योजना आयोग	सदस्य
ग)	सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा	सदस्य
घ)	संस्थाका प्रतिनिधिहरु मध्येवाट अध्यक्षले तोकेको एकजना प्रतिनिधि	सदस्य
ङ)	उपसचिव, शासकिय सुधार शाखा	सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ, पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिको बैठकमा सहभागी हुने पदाधिकारी तथा कर्मचारीलाई नियमानुसारको बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराइनेछ।

(४) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) निर्देशक समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि आफैं तय गरे बमोजिम हुनेछ।

१०. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्वयंसेवक परिचालन सम्बन्धमा आइपरेका समस्या समाधान गर्ने,

ख) स्वयंसेवक परिचालनको लागि क्षेत्रगत संख्या निर्धारण गर्ने,

ग) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने,

घ) स्वयंसेवक परिचालन सेवा कार्यक्रम व्यवस्थापनका लागि संस्थालाई आवश्यक निर्देशन दिने, र

ङ) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा कार्यालय तथा संस्थालाई पृष्ठपोषण दिने।

११. **स्वयंसेवकको योग्यताः** स्वयंसेवक हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

क) गण्डकी प्रदेशभित्र स्थायी बसोबास गर्ने 18 वर्ष पूरा भएका नेपाली नागरिक,

ख) कुनै सार्वजनिक लाभको पद धारण नगरेको,

ग) स्वयंसेवक भै गण्डकी प्रदेशका स्थानीय तहमा सेवा गर्न तत्पर रहेको,

घ) कृषि, इन्जिनियरिङ, सर्भे, चिकित्सा विज्ञान, सूचना प्रविधि, जनस्वास्थ्य, ग्रामीण विकास, समाजशास्त्र, राजनीतिशास्त्र, व्यवस्थापन, सार्वजनिक प्रशासन, अर्थशास्त्र, कानून, विपद व्यवस्थापनमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १२ कक्षा वा सो सरह उत्तीर्ण भएको,

तर कृषि वाली विज्ञान, कृषि पशु विज्ञान, सर्भे, इन्जिनियरिङ् लगायतका प्राविधिक विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण भएको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको ।

१२. **स्वयंसेवकले पालना गर्नुपर्ने शर्तः**यस कार्यक्रम अन्तरगत स्थानीय तहमा परिचालित स्वयंसेवकले देहाय बमोजिमका शर्त पालना गर्नु पर्नेछ।

(क) स्थानीय तहको आवश्यकता अनुसार तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने,

(ख) कृषि, पशु, शिक्षा, स्वास्थ्य जस्ता आफ्नो शैक्षिक योग्यता र पेशागत दक्षता अनुसारका सम्बन्धित स्थानीय तहको बिषयगत क्षमता विकासका लागि सहयोग गर्ने,

(ग) स्वयंसेवकले स्थानीयस्तरको योजना तर्जुमा, कार्यान्वयन र स्रोत विनियोजन प्रकृयामा महिला, बालबालिका, युवा, गरीब र विपन्न समूहका सदस्यहरुलाई सक्रियरुपमा सहभागी गराउन, तिनीहरुको आवश्यकता/ योजनाहरुलाई प्राथमिकता दिन र लाभ समन्यायिक रुपमा वितरण गर्न सहजीकरण गर्ने,

(घ) स्वयंसेवकले आफू खटिइ आएको संस्थासंग कार्यगत सम्बन्ध स्थापित गर्ने,

(ङ) स्वयंसेवकले कार्यरत स्थानीय तहका असल अनुकरणीय अभ्यासको संकलन गरी प्रचारप्रसार गर्न सहजीकरण गर्ने,

(च) स्वयंसेवकले स्थानीय तहमा आयोजना हुने छलफल, बैठक तथा अन्तरक्रिया कार्यक्रमहरुमा सकृयरुपमा सहभागी भई प्रतिवेदन तयारी लगायतका काममा सहयोग गर्ने,

(छ) स्वयंसेवकले आफ्नो कार्यसम्पादनको सिलसिलामा इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारयुक्त व्यवहार प्रदर्शन गर्नुपर्ने,

(ज) सार्वजनिक र अन्य निकायहरूको काम, कारवाहीमा प्रतिकूल असर पर्ने, सामाजिक सद्भाव र शान्ति सुव्यवस्थामा नकारात्मक प्रभाव पार्ने कुनै कार्य गर्न र कुनैपनि राजनैतिक दलका क्रियाकलापमा संलग्न हुन नहुने

(झ) कार्यालय, सम्बन्धित संस्था र स्थानीय तहबाट दिइएका निर्देशन र निर्णयको पालना गर्नुपर्ने।

(ञ) अध्ययन गरेको विषयवस्तु र त्यसको व्यवहारिक प्रयोग बीच रहेको अन्तर विश्लेषण गरी सुधारको लागि सम्बन्धित संस्थालाई पृष्ठपोषण दिने ।

(ट) स्वयंसेवक परिचालनको विषय र सम्बन्धित क्षेत्रको विकास प्रक्रिया बारेमा आफ्ना अनुभूतिको प्रतिवेदन कार्यालयमा दिने।

१३. **निर्वाह भत्ता सम्बन्धी व्यवस्थाः**(१) यस कार्यविधि बमोजिम परिचालन हुने स्वंयसेवकलाई सम्बन्धित स्थानीय तहमा रहेर कार्य गर्ने अवधिभर देहाय बमोजिमको निर्वाह भत्ता दिइनेछ।

	स्वयंसेवकको योग्यता	स्वयंसेवकको वर्गीकरण	स्थानीय तहको बर्गीकरण अनुसार निर्वाह भत्ताको दर			
			क वर्ग	*ख वर्ग*	*ग वर्ग*	*घ वर्ग*
१.	स्नातकोत्तर तहमा अध्ययनरत वा उत्तीर्ण गरेको	प्राविधिक/ अप्राविधिक	21000	20400	19800	19200
२.	स्नातक तहमा अध्ययनरत वा उत्तीर्ण गरेको	प्राविधिक/अप्राविधिक	20400	19800	19200	18600
३.	१२ कक्षा वा सो सरह उत्तीर्ण गरेको	प्राविधिक/अप्राविधिक	16800	16200	15600	15000
४.	प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको	प्राविधिक	16800	16200	15600	15000

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि स्थानीय तहको वर्गीकरण भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तहको वर्गीकरण सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिमको निर्वाह भत्ता बापतको रकम स्वंयसेवकको संख्याका आधारमा मासिक रुपमा सम्बन्धित संस्थामा पठाइनेछ। यसरी उपलब्ध गराइएको निर्वाह भत्ताको रकम स्वयंसेवकलाई निर्वाह भत्ता उपलब्ध गराउने प्रयोजनका लागि बाहेक अन्यत्र प्रयोग गर्न पाइनेछैन।

(३) संस्थाले सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हाजिरीका आधारमा उपदफा (२) बमोजिम प्राप्त रकम स्वंयसेवकलाई बैङ्किङ प्रणाली मार्फत भुक्तानी गर्नेछ।
तर स्वंयसेवकले निर्वाह भत्ता बाहेक कार्यालयको तर्फबाट कुनै थप आर्थिक सुविधा पाउने छैन।

(४) स्वयंसेवकले सार्वजनिक बिदाबाहेक प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृतिमा महिनाको २ दिनको बिदा सुविधा प्राप्त गर्नेछन्। यस दफामा उल्लिखित समायवधि बाहेक प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई थप समय अनुपस्थित रहेमा त्यसरी निज अनुपस्थित रहेको अवधिको निर्वाह भत्ता कटौति गरिनेछ। तर यस उपदफा बमोजिमको बिदा संचित गर्न सकिने छैन।

(५) उपदफा (४) बमोजिमको विदा तथा हाजिर स्वंयसेवकले आफू कार्यरत स्थानीय तहको प्रशासकीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित संस्था तथा कार्यालयमा इमेल मार्फत गराउनु पर्नेछ ।

१४. **स्वयंसेवकको कार्य अवधिः**(१) कार्यालय र संस्थाबीच सम्पन्न सम्झौतामा तोकिएको अवधिसम्म स्वंयसेवकले स्थानीय तहमा काम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहको श्रोतका आधारमा निर्देशक समितिले आवश्यकता अनुसार कार्य अवधि बढाउन वा घटाउन सक्नेछ।

१५. अनुगमन तथा मूल्याँकनःस्वयंसेवकले स्थानीय तहमा गरेका कार्यको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।
तर, कार्यालय वा संस्थाले समेत नियमित रुपमा स्वयंसेवकको कार्य प्रगतिको अनुगमन तथा मुल्याङ्कन गर्न बाधा पर्ने छैन।

१६. संशोधन र परिमार्जनः कार्यालयले आवश्यकता अनुसार कार्यविधिको संशोधन र परिमार्जन गर्न सक्नेछ।

अनुसूची-१

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा
र
.....
बीच
स्थानीय तहमा स्वयंसेवक परिचालन कार्यक्रम कार्यान्वयनका लागि सम्पन्न

<u>सम्झौता</u>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कार्यालय) ले प्रदेश सरकारले लिएको समृध्द प्रदेश र सुखी प्रदेशवासीको लक्ष्यलाई सफल पार्न, नागरिक स्तरमा प्रवाह हुने सेवामा गुणस्तरीयता, पहुँच र सहजता अभिबृध्दि गर्न कम्तिमा प्राविधिक एस.एल.सी. तह उत्तीर्ण गरेका तर आयमूलक रोजगारीमा प्रवेश नगरेका जनशक्तिलाई परिचालन गरी स्थानीय तहको विकास प्रकृयामा सहभागी गराइ कृषि, पशु, पूर्वाधार लगायतका सेवा प्रवाह, योजना तर्जुमा, आयोजना कार्यान्वयन, अनुगमन, विपद् व्यवस्थापन, सूचना व्यवस्थापन समेतका विषयमा स्थानीय तहलाई सहयोग पु-याउन,

.....(यसपछि संस्था भनिने) ले आफू सम्बध्द संस्थाहरूबाट उत्पादित जनशक्ति प्रदेश सरकार मार्फत स्थानीय तहमा परिचालन गर्न

कार्यालय र संस्था देहाय बमोजिम गर्न सहमत भएका छन्:-

१. **कार्यान्वयन प्रक्रियाः**

क) संस्थाले स्थानीय तहमा स्वयंसेवक परिचालन कार्यविधि, २०७७ अन्तरगत तोकिएका आफ्ना दायित्व पूरा गर्नु पर्ने र स्वयंसेवकलाई सो कार्यविधि अन्तरगतका शर्त पालना गर्न लगाउनु पर्ने,

ख) कार्यालयको सहभागितामा संस्थाहरूबाट स्थानीय तहमा स्वयंसेवक परिचालन कार्यक्रममा आफू सम्बध्द संस्थाहरूबाट उत्पादित सहभागी हुन इच्छुक योग्य उम्मेदवारबाट कृषि, इन्जिनियरिङ, सर्भे, चिकित्सा विज्ञान, सूचना प्रविधि, जनस्वास्थ्य, ग्रामीण विकास, समाजशास्त्र, राजनीतिशास्त्र, व्यवस्थापन, सार्वजनिक प्रशासन, अर्थशास्त्र, कानून, विपद व्यवस्थापनमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १२ कक्षा वा सो सरह उत्तीर्ण गरेका वा कृषि वाली विज्ञान, कृषि पशु विज्ञान, सर्भे, इन्जिनियरिङ् लगायतका प्राविधिक विषयमा कम्तीमा प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेका र कुनैपनि रोजगारमूलक /आयमूलक कार्यमा सहभागी नभएका (बेरोजगार) जनशक्तिको सूची तयार गर्ने,

ग) स्थानीय तहको मागका आधारमा कार्यालयले संस्थासँग छनौट भएका स्वयसेवकको सूची माग गर्ने

घ) कार्यालयले संस्थामार्फत सम्बन्धित स्थानीय तहमा स्वंयसेवक.....(अवधि) को लागि परिचालन गर्ने

ङ) संस्थाले कार्यक्रममा संलग्न स्वंयसेवकको कार्यको अनुगमन र समन्वय गरी कार्यालयमा प्रतिवेदन पेश गर्नका लागि सम्पर्क व्यक्ति तोक्ने

च) कार्यालय र संस्थाले कार्यक्रमको निरन्तर अनुगमन गर्ने,

छ) कार्यालयले स्वंयसेवकको निर्वाह भत्ता मासिकरुपमा सम्बन्धित संस्थामा पठाउने

ज) कार्यालयले प्रशासनिक खर्चको रुपमा स्वंयसेवक छनौट, अनुगमन र प्रतिवेदन गर्न संस्थालाई सम्झौता भएको ७ दिनभित्र रु. १ लाख ५० हजार र २०७८ आषाढमा रु. १ लाख ५० हजार गरी जम्मा रु. तीन लाख उपलब्ध गराउने ।

झ) संस्थाले स्वयंसेवकबाट इमेल मार्फत प्रत्येक महिनाको प्रगति प्रतिवेदन र स्थानीय तहले प्रमाणित गरेको हाजिरी रेकर्ड लिई तोकिएको निर्वाह भत्ता स्वंयसेवकको बैकखातामा मासिक रूपमा भुक्तानी गर्ने,
तर यसरी उपलब्ध गराइएको निर्वाह भत्ताको रकम स्वयंसेवकलाई निर्वाह भत्ता उपलब्ध गराउने प्रयोजनका लागि बाहेक अन्यत्र प्रयोग गर्न पाइनेछैन।

ञ) संस्थाले स्वंयसेवकलाई निर्वाह भत्ता बाहेक कार्यालयको तर्फबाट कुनै थप आर्थिक सुविधा उपलब्ध नहुने गरी स्वयंसेवकसँग करार गर्ने,

ट) संस्थाले स्वंयसेवकको खातामा निर्वाह भत्ता जम्मा गरेको कागजात सक्कलै कार्यालयलाई उपलब्ध गराउने,

ठ) कार्यक्रमको अन्त्यमा कार्यालयको सहभागितामा संस्थाले स्वयंसेवकहरुले गरेका कार्य, उपलब्धिहरु, चुनौती, सिकिएका पाठहरू, सुझावहरु, समन्वय गरेका क्षेत्रहरु, असल अभ्यासहरु, संस्थालाई भएको सिकाइ र भविष्यमा यस्ता कार्यक्रम गर्दा सुधार गर्नुपर्ने विषयहरू समेत समेटी बिस्तृत बिवरण सहितको प्रतिबेदन तयार गरी कार्यालयमा पेश गर्ने, र

ड) कार्यक्रमका अन्त्यमा कुशलता पूर्वक सेवा पूरा गरेका स्वयंसेवकलाई कार्यालयले प्रसंशा-पत्र प्रदान गर्ने।

२. **संशोधनः** दुबै पक्षका सहमतिमा यो सम्झौतामा संशोधन गर्न सकिनेछ ।

३. **सम्झौताको अवधिः** यो सम्झौता दुबै पक्षले हस्ताक्षर गरेका मितिदेखि लागू हुनेछ र 2078 साल आषाढ मसान्तसम्म बहाल रहनेछ।

यस सम्झौताको प्रमाणस्वरुप, दुवै पक्षका अधिकारप्राप्त देहाय बमोजिमका प्रतिनिधिहरुले आज मिति ..... का दिन गण्डकी प्रदेश पोखरामा बसी यस सम्झौताको दुई प्रतिमा हस्ताक्षर गरेका छन् र सम्झौताका दुवै प्रति प्रामाणिक हुनेछन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको तर्फबाट

हस्ताक्षरः .....

नामथर.....

पदः सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा

साक्षी

नामथर.....

पद.....

कार्यालय.....

.....संस्थाका तर्फबाट

हस्ताक्षरः ....

नामथर.....

पद.....

कार्यालय.....

साक्षी

नामथर.....

पद.....

कार्यालय.....

अनुसूची-२

दफा ८ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित

संस्थाले पेश गर्नुपर्ने योग्यता क्रमानुसारको सूची

क्रमसंख्या	स्वयंसेवक भै काम गर्न इच्छुक स्वंयसेवकको नाम	स्थायी ठेगाना	शैक्षिक योग्यता	काम गर्न प्रस्तावित स्थानीय तह	स्वयंसेवक भै काम गर्ने क्षेत्र (उदा. कृषि, भेटनरी, इन्जिनीयरिङ्ग ई. आदि)